**BMC Research Journal**
**ISSN:** 2795-1731
Peer-reviewed, Interdisciplinary
Open Access Journal
Indexed in NepJOL

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailalai, Nepal
**URL:** www.birendracampus.edu.np

*Research Article*

# सांस्कृतिक प्रचलनमा मगर जातिको मृत्यु संस्कार एक परिचय

**डम्बरबहादुर पुन**
उपप्राध्यापक
सदस्य, त्रि.वि. अनुगमन निर्देशनालय, कीर्तिपुर, काठमाडौँ

*Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal*

*Publication: June 2024, Volume: 3. BMC Research Journal*

*Corresponding author: Dammar Bahadur Pun, Email:dambarpun06@gmail.com*

*Copy right© The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).*

**लेखसार**

*मगर मृत्यु संस्कारलाई मूल केन्द्र बनाएर तयार गरिएको यो लेख मूल रूपमा खाम भाषी मगर र त्यसमा पनि सल्यान आठ हजार क्षेत्रका मगरहरूको मृत्यु संस्कारमा केन्द्रित छ । नेपालका मगर जातिमा प्रचलित मृत्यु संस्कारका बारेमा सामान्य लेख रचना पाइए तापनि हालसम्म अनुसन्धानमूलक लेख तयार हुन नसक्नु यस अध्ययनको मूल समस्या हो । यही समस्यामा केन्द्रित भएर मगर जातिमा प्रचलित मृत्यु संस्कारको विवेचना गर्नु नै यस अध्ययनको उद्देश्य हो । यो गुणात्मक अध्ययन हो । यसमा वर्णनात्मक, नमुना छनोट र स्थलगत कार्य विधिको प्रयोग गरिएको छ । व्यक्तिको मृत्यु भएपछि शुद्धशान्ति नहुँदासम्म मगरहरूले सम्पन्न गर्ने मौलिक प्रकृतिको मृत्यु संस्कारको विवेचना यसमा गरिएको छ । मगरहरूले मृत्यु संस्कार स्थान हेरेर एकदिनदेखि १३ दिनसम्ममा सम्पन्न गर्ने गरेको पाइन्छ । मृत्यु संस्कार सम्पन्न गर्न मगरहरूले भान्जा, जवाइँ वा कुटुम्बलाई पुरेतका रूपमा राख्ने गरेको भेटिन्छ । मृतकका नाममा चढाइने दान, दक्षिणा पनि भान्जा, जवाइँ वा कुटुम्बलाई दिने गरेको देखिन्छ । मगर मृत्यु संस्कारमा शवयात्रा, दाहसंस्कार, किरिया बस्ने, झुसे थुर्ने, जुठो खाने, चिनो चौतारी बनाउने, कस्सापानी र सासपानी फेर्ने तथा ढोल्ने, पितृ मिसाउने, पितृ भोज दिने आदि कार्यहरू गरेको पाइन्छ । यस अध्ययनले नेपाली संस्कृतिका अध्येता तथा पाठकहरूलाई विशेष लाभ पुऱ्याउन सहयोग गर्ने देखिन्छ ।*

**मुख्य शब्दावली :** डैतामी, डैसिवाङ, रस्से, कस्सापानी, सास्पानी ।

## अध्ययनको पृष्ठभूमि

नेपाल बहुजातीय, बहुधार्मिक एवम् बहुसांस्कृतिक समाज भएको देश हो । यहाँ बसोबास गर्ने जातजातिहरूमध्ये तेस्रो स्थानमा र आदिवासी जनजातिहरूमध्ये सबैभन्दा बढी जनसङ्ख्या भएको जात मगर हो (राष्ट्रिय जनगणना २०७८)। मगरहरू नेपालका विभिन्न स्थानहरूका साथै नेपाल

बाहिर पनि बसोबास गरेको पाइन्छ । मगरहरूले बोल्ने मगर भाषाका तीन भाषिकाहरू पाइएका छन् । खास गरेर हुम्ला र डोल्पा जिल्लाका मगरहरूले बोल्ने काइके मगर भाषा, जाजरकोट, सुर्खेत, रुकुम, रोल्पा, सल्यान, प्यूठान, बागलुङ जिल्लाका अठार मगरातका मगरहरूले बोल्ने खाम मगर भाषा र अर्घाखाँची, पर्वत, म्याग्दी, स्याङ्जा, कास्की, गोर्खा, तनहूँ पूर्वका बाह्र मगरात क्षेत्रका मगरले बोल्ने ढुट मगर भाषा प्रमुख रूपमा रहेका छन् । यी भाषिकाका पनि अनेक उपभाषिकाहरू पाउन सकिन्छ । यसरी देशका विभिन्न स्थानमा मगर भाषाका अनेक प्रकारका भाषिक भेदको प्रयोग गर्ने मगरहरूका सांस्कृतिक पक्षहरू पनिधेरै प्रकारका रहेका पाइन्छन् । मगरका विविध प्रकारका सांस्कृतिक पक्षहरू भए तापनि यस लेखमा नेपालका मगरहरूको मृत्यु संस्कारको मात्र चर्चा गरिन्छ । मगर समाजमा मृत्यु संस्कारलाई सिनाउ छ्यापवा सिउका चलन भनिन्छ । मृत्युका समयमा गरिने यो संस्कार भने सम्पूर्ण मगर समाजमा एकै प्रकारको पाइँदैन । बाह्र मगरात, अठार मगरात र काइके भाषा बोल्ने मगरहरूका आ-आ नै प्रकारका मृत्यु संस्कारहरू रहेका पाइन्छन् । व्यक्तिको मृत्युपछि गरिने शवयात्रा तयारी, शवयात्रा, चिता निर्माण, समाधिस्थल, किरिया बस्ने तरिका, शुद्धशान्ति गर्ने समय, शुद्धशान्तिगर्ने तरिकासमेत मगर समाजमा विभिन्न प्रकारको रहेको पाइन्छ । मृत्यु संस्कारसम्बन्धी लिखित ग्रन्थ उपलब्ध नभएकाले पनि यस प्रकारको विभिन्नता भएको हुनु पर्छ ।

मगर मृत्यु संस्कारलाई केन्द्र बनाएर विभिन्न पुस्तक तथा अनलाइन पत्रिकाहरूमा सामान्य लेखहरू प्रकाशन भएको पाइन्छ । रणप्रसाद घर्ती मगरको *नेपालको मगर आदिवासी जनजाति खस राज्यको परिचय* (२०६४) पुस्तकमा मगर मृत्यु संस्कारका बारेमा अनुसन्धानमूलक नभएर परिचयात्मक रूपमा सामान्य चर्चा गरेको पाइन्छ । यसै गरी मीन श्रीस मगरको *मगर जातिको चिनारी*(२०६७) पुस्तकमा मगर जातिको परिचय दिने क्रममा मगर मृत्यु संस्कारका विषयमा सामान्य रूपमा चर्चा गरेको पाइन्छ । गुरुङ रामप्रकाश'समथिङ'ले *नेपालमा मगर जातिको मृत्यु संस्कार* लेखमा बाह्र मगरातका मगरको मृत्यु संस्कारका विषयमा सामान्य चिनारी दिँदै दाहसंस्कार प्रक्रियाका बारेमा परिचय दिने काम गरेको भेटिन्छ । गोविन्दराज पोखरेलको *मैले देखेका मृत्यु संस्कार* लेखमा नेपालका विभिन्नजातजातिका मृत्यु संस्कारको दाहसंस्कार प्रक्रियाका बारेमा सामान्य परिचय दिएको पाइन्छ ।संजय सिङ्जाली मगरको *मगरको विवाह र मृत्यु संस्कार एक परिचर्चा* लेखमा पनि मगरको दाहसंस्कार प्रक्रियाका बारेमा परिचय मात्र दिने मात्र काम गरेको पाइन्छ । यी पुस्तक तथा लेखकालेखकहरू मगर मृत्यु संस्कारभन्दा दाहसंस्कार प्रक्रियाका बारेमा मात्रकेन्द्रित भएकापाइन्छन् । यी पुस्तक तथा लेखहरूले मगर मृत्यु संस्कारका सम्पूर्ण पक्षलाई समेट्न सकेका छैनन् । यस विषयमा अध्ययन हुन अझै बाँकी नै रहेको देखिन्छ । यसबाट मगर मृत्यु संस्कारको अध्ययनका लागि अनुसन्धान अन्तराल रहेको तथ्यस्पष्ट हुन्छ । मगर संस्कारको अध्ययनलाई मूल केन्द्र बनाएर हालसम्म कुनै पनि अनुसन्धानमूलक लेख तयार नगरिनु यस अध्ययनको मूल समस्या हो भने विधिसम्मत तरिकाले मगर संस्कारको अध्ययन गरिएको लेख तयार गर्नु यस अनुसन्धानमूलक लेखको मूल उद्देश्य हो ।

## अध्ययन विधि

मगर मृत्यु संस्कार शीर्षकको अध्ययन वर्णनात्मक अध्ययनमा आधारित छ। यसमा मगर मृत्यु संस्कार सम्पन्न गर्ने सैद्धान्तिक पक्षको चर्चा मात्र गरिएको छ। त्यसैले यो गुणात्मक अध्ययनकार्य हो। प्रस्तुत अध्ययनमा हालसालै मगर जातिमा प्रचलित मगर मृत्यु संस्कारको मात्र अध्ययन गरिएको र यसले ऐतिहासिक विकासक्रम नदेखाउने भएकाले यो शोधकार्यमा वर्तमानकालिक एकरेखीय पद्धति अँगालिएको छ। छिटपुट रूपमा भने यसको ऐतिहासिक पक्षको सामान्य चर्चा गरिएको छ। यस अध्ययनको अध्ययन क्षेत्र मगर जातिको सामाजिक अवस्था हो भने यसको अध्ययन समस्या मृत्यु संस्कारको खोजी गर्नु हो। प्रस्तुत अध्ययनकार्य सम्पन्न गर्न मगर बस्तीमागई सामग्री सङ्कलन गरिएकाले यसकालागि क्षेत्रीय अध्ययन कार्यअन्तर्गत अवलोकन र सामूहिक छलफल कार्यका साथै नमुना छनोट विधिअन्तर्गत हिम गोल नमुना छनोट विधिकोउपयोग गरिएको छ। सङ्कलित सामग्रीको निर्मलीकरण गर्न विश्लेषणात्मक विधिको सहायता लिइएको छ। अध्ययनविधिसम्बन्धी यिनै प्रधान कार्यहरूको उपयोगयस लेखमा गरिएको छ।

## अवधारणात्मक पर्याधार

संस्कारको सोझो अर्थ शुद्ध वा पवित्र पार्नु भन्ने हो। संस्कार मानवीय जीवनलाई सार्थक बनाउन र सुन्दर पुनर्जीवन प्राप्तिका लागि गरिने जीवन चक्रीय कर्म हो। मानव जीवनशैलीलाई शुद्ध वा व्यवस्थित बनाउन विभिन्न संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ। यसले मानिसलाई अनुशासित रूपमा जीवन पद्धतिमा डोऱ्याउने काम गर्दछ। मानिसले शारीरिक, मानसिक तथा आत्मिक उन्नतिका लागि जन्मदेखि मृत्युसम्ममा अनेक प्रकारका जातीय परम्पराअनुसारका संस्कारहरू सम्पन्न गर्ने गरेको पाइन्छ। यसले मानिसलाई प्रतिभावान्, मर्यादित, विनयी, विनम्र र असल सामाजिक नागरिक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। ब्राह्मणजातिका वैदिक विधिअनुसारका गर्भाधानदेखि मृत्युसम्मका सोह्र संस्कार भए जस्तै मगर जातिका पनि फुन्नाओ रोस (गर्भाधान) देखि सीनाऊ छ्याप (मृत्यु) सम्मका संस्कारहरू रहेको पाइन्छ।  अन्य जातजातिका संस्कारहरू पनि आआफ्नै प्रकारका रहेको भेटिन्छ। यी संस्कारहरूमध्ये मृत्यु संस्कार एउटा महत्त्वपूर्ण संस्कार हो। यो संस्कार व्यक्तिको मृत्यृ भइसकेपछि मृतकले लौकिक जीवनमा नराम्रा कर्म गरेको भए त्यसबाट उसलाई मुक्त बनाउन, स्वर्ग प्राप्तिको मार्ग खुलाइदिन र सार्थक पुनर्जन्मका लागि आफन्तले मृतकका नाममा गरिदिने संस्कार हो। विभिन्न जातजातिमा रहेको यही मृत्यु संस्कारको सामान्य परिचय दिँदै मगर जातिको मृत्यु संस्कारमा केन्द्रित रहेर प्रस्तुत लेख तयार गरिएको छ।

### विभिन्न जातिका अन्त्येष्टि संस्कार

नेपाली समाजविविधतायुक्त समाज भएकाले यहाँको समाजमा अन्त्येष्टि संस्कार सम्पन्न गर्ने पद्धतिमा विविधता पाइन्छ। मगर जातिले मृतकलाई खोलामा, डाँडामा, बारीमा, बाटोमा जलाउने वा जङ्गलमा लगेर गाड्ने गरेको पाइन्छ। शेर्पा जातिमा मृतकलाई लामाको निर्देशनानुसार निश्चित टुक्रा पारेर चिल र गिद्धलाई खुवाउने चलन छ (पोखरेल, https://www.prasashan.com/

2019/12/14/155774/) ।यस जातिमा जुठो, सुतक बार्ने चलन छैन । दनुवार जातिले मृतकलाई नदी किनारमा दागबत्ती दिएर घर फर्कने र जलिसकेको रहेन छ भने भोलिपल्ट फेरि जलाउने गरेको पाइन्छ । राई र लिम्बु जातिमा बन्दुक पड्काउँदै खुँडा, खुकुरी, बन्दुक, तरबार बोकेर हाहा, हुहु गर्दै शवयात्रा गर्ने र सकेसम्म आ नै बारीमा गाड्ने प्रचलन छ । गाड्ने क्रममामृतकको मुखनेर नली राखिएको हुन्छ । आफन्तले शुद्धशान्ति नगर्दासम्म प्रत्येक दिन उक्त नलीबाट जाँड चढाउने गरेको पाइन्छ । राई, लिम्बु जातिमा मानिसको मृत्यु भएमा बन्दुक पड्काएर मलामी बोलाउने प्रचलन छ । कुनै कुनै राई, लिम्बुहरूमा मृतकलाई बाकसमा हालेर ठूला नदीमा बगाउने प्रचलन पनि थियो । यस्तो प्रचलन हाल हराइसकेको छ ।तराईका बानिया र गुप्ता जातिले शुद्ध हुने समय दोमास हुने भएमा मृतकलाई कपडामा बाँधेर रुखमा झुण्ड्याई कुरेर बस्ने अनि दोमास सकिएपछि मृतकलाई जलाउने गरेको देखिन्छ । (पोखरेल, https://www.prasashan.com/2019/12/14/155774/) कतिपय मगर समाजमा छोराहरू घरमा नभएमा छोराहरू घर नआउँदासम्म घर नजिकै गाड्ने र छोराहरू आएपछि दाहसंस्कार गर्ने प्रचलन पनि छ । मुस्लिमहरूले मृतकलाई तीनपटक नुहाइदिने र कपडाले बेरी कब्रस्थानमा लगेर गाड्ने चलन छ । क्रिश्चियनहरूले मृतकलाई कफनमा राख्ने, सुगन्धित अत्तर छर्ने, बाकसमा राख्ने, साथमा जेसस्क्राइष्टको प्रतीक स्वरूपको काठ राख्ने अनि प्रार्थना गरेर गाड्नेगरेको पाइन्छ। फारसीहरूले अग्लो स्थानमा पंक्षीलाई खुवाउन मृतकलाई राखिदिने, पंक्षीहरूले लासलाई खाइसकेपछि मात्र मृतकको अस्थिपञ्जरलाई सेलाउने गरेको देखिन्छ । इलाममा बसोबास गर्ने लेप्चा जातिमा मृतकलाई ढोकाबाट ननिकालेर भित्ता फोडेर निकाली उँचो पाखामा लगेर गाड्ने चलन छ ।माझी र थारु जातिमा मृतकलाई सकेसम्म आ नै जग्गामा गाड्ने र चिहानमाथि मृतकको खाट उत्तानो पारेर राख्ने गरेको देखिन्छ । त्यसमा मृतकले ओछ्याउने गरेका गुन्द्री, डसना, कपडा राख्ने गरेको पाइन्छ । दोलखाको तामाकोशी किनारमाबसोबास गर्ने सुरेल जातिमा मृतकलाई नुहाई नयाँ वस्त्र पहिरिएर पिँढीको दायाँपट्टि जलाउने प्रचलन छ । कालीगण्डकी, मादी, सेती नदीका किनारमा बसोबास गर्ने बोटे जातिमा घरभित्र मर्न दिन हुँदैन भन्ने धारणा पाइन्छ । यस जातिमा मृतकले प्रयोग गर्ने वस्तु र खानेकुरा साथैमा राखेर गाडने गरेको भेटिन्छ । मकवानपुरमा बसोबास गर्ने बनकरिया जातिलाई गाड्ने र जलाउने दुवै प्रचलन छ । मृतकलाई गाड्नु पर्दा मृतकलाई तलमाथि, वरिपरि सालका बोक्रा राख्ने गरेको पाइन्छ ।

## मगर मृत्यु संस्कार सम्पन्न गर्ने तरिका

मगरहरूका जन्मदेखि मृत्युसम्मका अनेक प्रकारका संस्कारहरू रहेका छन् । विशेष गरेर मगरहरूमा  फुनाओ रोस÷नउरान (न्वारन), पुटबढाई (छैँटी), छो कास्के (अन्नप्राशन), चेमन्या ( कपाल खौरने), गुन्युचोलो याहाके (गुन्युचोलो पहिराउने), गालम फेटाओ रोस (विवाह टुङ्ग्याउने), डीहीके नुङ्के (मङनी÷सोधनी), ठेकी भास्के (सोरकोऱ्या), गलाम फेट (दुलही भित्र्याउने), दुर्लान ल्हेस्के÷सिलखोलन्या (दुलही फर्काउने), सिनाउ छ्याप÷सिउका चलन (मृत्यु) संस्कारहरू प्रमुख रूपमा रहेका छन् । मगरहरूले यी संस्कारहरू विभिन्न तरिकाले सम्पन्न गरेको पाइन्छ ।मगरहरूको संस्कारका सम्बन्धमा हालसम्म कुनै त्यस्तो प्राचीनलिखित ग्रन्थ प्राप्त हुन सकेको छैन । त्यसैले देशका विभिन्न क्षेत्र तथा देश बाहिर छरिएर रहेका मगरहरूले सम्पन्न गर्ने संस्कारहरूमा पनि

एकरूपता पाइँदैन । यसरी विविधता देखिनुमा कालान्तरमा देखिने सामाजिक परिवर्तन र सांस्कृतिक समायोजन नै प्रमुख रूपमा रहेका छन् । संस्कार सम्पन्न गर्ने लिखित ग्रन्थको अभावमा यस प्रकारको विविधता देखिनु स्वाभाविकै हो । मगरहरूको मृत्यु संस्कार पनि विभिन्न ठाउँमा विभिन्न तरिकाले सम्पन्न गरेको देखिन्छ । कतिपय स्थानमा तआ नो संस्कारलाई भुलेरब्राह्मण र क्षत्रिय जातिका संस्कारलाई पूर्ण रूपमा परिपालन गरेको पाइन्छ ।विशेष गरेर नेपालमा रहेका बाह्र मगरातका मगरहरूमा मगरको परम्परागत संस्कारका साथै ब्राह्मण र क्षत्रिय जातिको संस्कार र कतिपय स्थानमा बौद्ध धर्मको विधिअनुसार पनि मृत्युसंस्कारगर्नेप्रचलनरहेको पाइन्छ (गुरुङ, https://everesttimes.net/archives/4419)। यस क्षेत्रमा हाल आएर गरुड पुराणलाई नै केही परिमार्जन गरेर मगर गुरुद्वारा मृत्यु संस्कार सम्पन्न गर्ने गरेको पनि पाइन्छ । मगरहरू मूलतः प्रकृति पूजक हुन् । प्रकृतिलाई नै मूल देवता माने तापनि मगरहरूले पुनर्जन्ममा विश्वास र स्वर्ग नरकको कल्पना गरेको पाइन्छ । मगरहरूले सम्पन्न गर्ने मृत्यु संस्कारलाई यहाँ प्रस्तुत गरिन्छ ।

सामान्यतया मगरको मृत्यु भएमा स्थानअनुसार गाड्ने र जलाउने गरेको पाइन्छ । पश्चिम बागलुङ, रोल्पा र पूर्वी रुकुममा डाँडामा लगेर जलाउने वा बाटोमा जलाउने गरेको पाइन्छ । सल्यान, पश्चिम दक्षिण रोल्पा र पश्चिम रुकुममा भने धामीझाँक्री मगरलाई मात्र डाँडामा लगेर जलाउने गरिन्छ । अन्यलाई खोलामा लगेर जलाउने गरेको पाइन्छ । यहाँ बच्चाको मृत्यु भएमा जङ्गलमा लगेर गाड्ने गरिन्छ । डोल्पा र हुम्लाका मगरहरूलाईआ [redacted] बारीमा जलाउने गरेको भेटिन्छ ।मगरहरूले जीवनको अन्तिम क्षणमा उसको मुखमा हिरन स्वरूप सिक्काको पैसा, दही, सुनपानी आदि राखिदिने चलन छ । सल्यानतिर व्यक्तिको मृत्यु भइसकेपछि सुरुमा दुवै खुट्टाका बुढी औँलालाई एक ठाउँमा र दुवै हातका बुढी औँलालाई एकै ठाउँमा राखेर धागोले बाँध्ने गरिन्छ । त्यसपछि छातीमा सामल (बाटा खर्च खाना) को रूपमा टपरी वा थालीमा चामल, दाल र पैसा राखेर मृतकलाई सेतो कपडाले ढाक्ने प्रचलन छ । रोल्पा, रुकुमतिर मृतकका छातीमा खुकुरी, थाल, बटुको र सानो तामाको पकाउने ताउलो राख्ने गरिन्छ । यसलाई खाम मगर भाषामा रसे भनिन्छ । पुरुष मृतक ढाक्ने सेतो कपडालाई फलासन र महिला मृतक ढाक्ने सेतो कपडालाई जापान भनिन्छ (घर्ती मगर,२०६४,पृ.३९)।पाँचथरतिरका मगरको मृत्यु भएमा मृतकको मुख धोइदिने, सिँगारपटार गर्ने, आँखा वरिपरि निलो रङ लगाइदिने, आँखाको मुनि चामलको दाना लहरै राखिदिने, लोग्ने मानिसको मृत्यु भएको हो भने सेतो कपडाको पगरी बाँधिदिने प्रचलन पनि छ (गुरुङ, https://everesttimes.net/ archives/4419) । कतिपय स्थानमा मृतकलाई आफन्तले दुबो, पाती र चामलको टीका लगाइदिएर पैसा अनि स्वर्गको बाटो देखाउने कपडा दिने पनि गरिन्छ । त्यसपछि मृतकलाई घरबाट बाहिर निकालिन्छ । रोल्पा रुकुमका प्रायःजसो स्थानमा मसानघाट डाँडामा बनाएको पाइन्छ भने जाजरकोट सल्यानतिरका प्रायःजसो स्थानमा दोभानयुक्त खोलालाई मसानघाट बनाइएको हुन्छ । सल्यानतिर मसानघाट लैजानु भन्दा पहिले घर परिवारले मृतकलाई प्रदक्षिणा गरेर फूल चढाएरश्रद्धाञ्जली दिएर अन्तिम बिदाइ गर्ने प्रचलन छ ।रोल्पा, रुकुमका कतिपय स्थानमा शोकगीत गाएर नौ पटक उल्टोतालमा मृतकको प्रदक्षिणा गर्ने गरिन्छ । मृतक पुरुष भएमा दुण्डीमादल (सानो मादल) पनि बजाइन्छ । रोल्पा, रुकुमतिर यस प्रकारको प्रदक्षिणा कार्य बिसाउनामा पनि गर्ने गरिन्छ । उल्टो दमाह बजाएपछि मृतकलाई हरियो बाँसमा बाँधिन्छ । उल्टो

दमाह बजेपछि सम्पूर्ण आफन्तहरू मृत्यु भएको थाहा पाएर उक्त घरमा जम्मा हुन्छन् । मृतकलाई घाटतिर लैजाँदा सबैभन्दा पहिले सेतो कपडाको बाटो बोक्ने व्यक्तिहरू हिँड्छन् । बाटो भनेर यहाँ सेतो मार्किनको कपडालाई भनिन्छ, यसलाई बाँस फोडेको लट्ठीले च्याप्ने गरिन्छ । यहाँ बाटो बोक्ने व्यक्तिहरू बिजोडी सङ्ख्यामा राख्ने प्रचलन छ । बाटो जति लामो बनायो मृतक स्वर्ग जान त्यति सजिलो हुन्छ र यसले मृतकलाई स्वर्ग जाने बाटो देखाउँछ भन्ने जनविश्वास यहाँ रहेको पाइन्छ । लामो बाटो बनायो भने मृतकलाई स्वर्ग जान सजिलो हुने भएकाले यहाँ हुनेखाने व्यक्तिले धेरै लामो बाटो बनाउने प्रचलन छ ।रोल्पा, रुकुम, जाजरकोटतिर आ ▮ा नातागोता, इष्टमित्रहरूले छुट्टाछुट्टै बाटो राखिदिने र बाटो धेरैभन्दा धेरै लामो बनाउने प्रचलन छ । बाटोको पछिपछि दमाहा बजाउने व्यक्ति र त्यसपछि मृतकलाई बोकेर लैजाने गरिन्छ ।रोल्पा, रुकुमकाकतिपय स्थानमा दमाहका साथै झ्याली, मादल बजाउनुका साथै मृतक पुरुष भएमा ढाल, तरबार नचाउँदै शवयात्रा गर्ने गरिन्छ । सुरुमा मृतकलाई आ ▮ा छोराहरूले बोक्ने गरिन्छ । रोल्पा, रुकुमतिर भने छोरीले पनि मृतकलाई सुरुमा काँध लगाउने गरेको पाइन्छ । छोरा नभएमा गोत्यार छोरा वा आफन्तले बोके पनि हुन्छ । सामान्यतया मसानघाट टाढा भएको ठाउँमा आफन्तहरूले आलोपालो गरी बोक्ने गरिन्छ ।सल्यानतिर शवयात्रामा मृतकलाई धानको लावा र धातुको पैसा छर्दै जाने चलन छ । रुकुमतिर नुन, मकै, जौं, गहुँ, चामललाई बुहारी वा घरको चेलीले बाटोमा राख्दै जाने प्रचलन छ, जसलाई साँवल राख्ने भनिन्छ ।मृतकको पछिपछि मलामीहरू हिँड्छन् । सल्यानतिर मलामीको रूपमा सुरुसुरुमा पुरुष मात्र जाने प्रचलन थियो भने हाल आएर महिलाहरू पनि मलामी जाने गरेको पाइन्छ । मलामीहरू घाटतिर गइसकेपछि मृतकले प्रयोग गरेका कपडालाई घरदेखि केही परको दोबाटो वा चौदोहा ( चौराह)मा गई नाङ्लोमा राखेर जलाइदिने गरिन्छ । यस्तो कपडा जलाउने काम विधवा महिलाले मात्र गर्ने परम्परा छ । यस कपडा जलाउने स्थानलाई बागलुङतिर डैसिवाङ र रुकुमतिरबिसाउना भन्ने गरिन्छ ।

बागलुङतिर यही ठाउँमा मृतकका आफन्तहरूले अन्तिम दर्शन गरी मृतकलाई समाली गाँस चढाइदिन्छन् । मृतकका अगाडि अन्न र धान राखेर उसका मरिसकेका तीन पुस्ताको नाम लिँदै डैतामीले घरको चुलोचौका, आँगन, चौबाटो हुँदै उत्तर दिशातर्फका विभिन्न बाटाहरूको परिचय दिँदै यसरी मृतकलाई स्वर्ग जान अह्राउँछ-

> थवाङ, तकसेरा, बागलुङ नैसिङठाटी, म्याग्दी बेनी सम्झे, पानी बिर्से पानी छ, पिउनु, घर परिवार बिर्सनु, आँसु पुछ्ने ढुङ्गा छ, सिङान पुछ्ने ढुङ्गा छ, पुछ्नु । त्यहीँ बाटो हुँदै स्वर्गको ढोकामा पुगेपछि तिलको धूप, बेसार रेखी होला, वराह हिँड्ने बाटो तुसाराको फुर्का होला, बज्यु हिँड्ने बाटो पैँयाको फुर्को होला, ब्रह्म हिँडने बाटो कमेराको सर्का होला, चौराली हिँड्ने बाटो पातीको फुर्का होला, धामी हिँड्ने बाटो सिर्गा स्याउली होला, रमा÷झाँक्री हिँड्ने बाटो बरुवाको सर्का होला, जैसी हिँड्ने बाटो रगतको नाला होला, पापी हिँड्ने बाटो कीराहरू होलान, नरक जाने बाटो तल खरानी ओछ्याएको होला, सामान्य मानिस हिँड्ने बाटो माथि चाँदी धनको लिग होला, त्यही बाटो जानु । त्यहाँ द्वारेहरू खलु, जलु, बलु र दौलत नाम गरेका हुने छन् । उनीहरूले किन आएको फर्केर जा भने पछि आ ▮ा मरिसकेका तीन पुस्ताको नाम लिनु र मेरो डोरी काटेकाले आएँ फर्कदैन

> भन्नु । चाँदीको पातमा पातलो खरानी छरेको बाटो होला, त्यसबाट नौ खत्करा (सिंढी) चढेर स्वर्गमा जानु (श्रीस मगर, २०६७, पृ. ९६) ।

यो विधि वाचन पछि डैतामीले मृतकलाई अन्तिम छाकको रूपमा तीन गाँस मुखमा लगाइदिन्छ । यहाँसम्म मृतकका खुट्टा घरतिर फर्काएर बोकिएको हुन्छ भने यही डैसिबाङबाट मृतकका खुट्टा मसानघाटतिर फर्काएर बोकिन्छ।रोल्पा रुकुमलगायतका स्थानमा समाली गाँस शुद्धशातिको समयमा दिने प्रचलन छ । सल्यानतिर भने मृतकलाई मसानघाट पुऱ्याउँदासम्म बाटोमा बिसाउने गरिँदैन । मृतकलाई घाटसम्म पुऱ्याउँदासम्म बाटोमा पर्ने वरपिपल र कुनै रुखलाई घुमाएरत्यस रुखलाई धागोले बाँध्ने र सियो गाडी दिने गरिन्छ । यसो गरेमा मृतात्माले घर भुल्दछ भन्ने जनविश्वास यहाँ पाइन्छ ।रोल्पा, रुकुम र जाजरकोटतिर मृतकलाई आँगनबाट उठाउँदा र बिच बिचमा पर्ने खोला, साँघु (लप्को), पुल आदिमा भान्जाले बन्दुक पड्काउँदै पड्काउँदै मृतकलाई घाटसम्म लैजाने प्रचलन छ । दागबत्ती दिनुभन्दा पहिले पनि बन्दुक पड्काउने गरिन्छ । मसानघाट खोला रहेछ भने मृतकको खुट्टाहरू पानीमा डुबाएर राख्ने गरिन्छ । अनि चिता बनाएर जलाउने गरिन्छ (कमल पुन, कुसे, जाजरकोट। दागबत्ती दिँदा सर्वप्रथम छोराले अनि घरपरिवार र सम्पूर्ण मलामीहरूले दागबत्ती दिने गरिन्छ । मृतकलाई गाड्दा पनि दागबत्ती दिने चलन छ ।

मृतकलाई सकेसम्म कुटुम्ब अर्थात् जवाइँ र भान्जाहरूले जलाएर सिध्याउनु पर्ने हुन्छ । चितालाई सेलाउनुभन्दा पहिले मृतकको अस्तु राखिन्छ र नजिकैको महत्त्वपूर्ण तीर्थस्थलमा छोराले नै सेलाउन लग्ने चलन छ । चितालाई विसर्जन गरिसकेपछि उक्त स्थानमा किरियापुत्रीलगायतका आफन्तहरूले कपाल फाल्ने (काट्ने) गरिन्छ । किरियापुत्रीहरूले बाटो बनाएको कपडाको कफन, लगौटीलगायतका वस्त्र बनाएर लगाउँछन् । यदि मृतकलाई गाड्नु पर्ने भएमा सुरुमा विश्वकर्माले तीन पटक खन्ने र त्यसपछि अन्य मलामीले चिहान खन्ने गरिन्छ । चिहान खनिसकेपछि मृतकलाई राखेर सम्पूर्ण मलामीहरूले माटो राखेर गाड्ने गरिन्छ । त्यसपछि हरियो काँडा भएको रुखको हाँगा राखेर ढुङ्गाले च्याप्ने चलन छ ।मृतकको मुखमा पर्ने गरी बाँसको काठ गाडिदिने पनि गरिन्छ । त्यसपछि सम्पूर्ण मलामीहरू घरतिर फर्कन्छन् । घर फर्कने क्रममा घर र मसानघाटको बिच तिरको दोबाटो वा चौबाटोमा काँडासहितको रुखको हाँगालाई ढुङ्गाले च्याप्ने गरिन्छ । त्यसको ठीक अगाडि आगो बालिन्छ । सबै मलामीले काँडा च्यापिएको ढुङ्गालाई टेकेर आगो छुँदै घरतिर लाग्छन् । काँडा च्यापिएको ढुङ्गालाई टेकेर अगाडि बढेमा मलामीसँगै आएको भूत, पिशाच, प्रेतात्मा काँडामा अल्झेर अगाडि बढ्न सक्दैन भन्ने जनविश्वास यहाँ रहेको पाइन्छ । मलामीहरू घर नजिकै पुग्दा घरमा रहेका चेलीबेटीहरूले आगो, घिउ, पातीको धूप बालिदिने अनि सुनपानी छर्कने र तिल जौँ दिएर मलामीहरूलाई शुद्ध बनाउने गरिन्छ । बागलुङ, रोल्पाका कतिपय स्थानमा मलामीहरू घर फर्कने क्रममा डैसिवाङ स्थलमा मृतकको बाटो खर्च पठाउने साधनको रूपमा भेँडा, बाखा, सुँगुर, राँगो, कुखुरा आदि मध्ये कुनै एउटालाई पानीले मन्साएर स्वर्ग जाने बाटो देखाउने विधि भनेर काटिन्छ । यसरी काटिएको पशुपंक्षीको रगतमा एकातिर प्रेतात्मा अलमलिन्छभने अर्कातिर काटिएको पशुपंक्षीले मृतकलाई स्वर्गसम्म पुऱ्याउँछ भन्ने जनविश्वास यहाँ पाइन्छ । सोही स्थानमा डैतामीले घरमा तयार गरेको भात, मासु, रोटी, जाँड, रक्सीको परिकार मलामीलाई खुवाउँछ । त्यहाँबाट

बाजाको ताल फेरेर बजाइन्छ र घर आएपछि कुखुरा काटेर बाजा चोख्याइन्छ । त्यसै दिन ढोग खुलाउने चलन पनि छ(श्रीस मगर,२०६७,पृ.९६)।

रोल्पा, बागलुङका कतिपय स्थानमामलामीहरू घर फर्कदा मृतकको पति वा पत्नी जीवित भएमा विधवा वा विधुरलाई अरू मलामीबाट टाढा राख्ने चलन छ । विधवा महिला भए अन्य विधवा महिलाले मात्र र विधुर पुरुष भएमा अन्य विधुर पुरुषहरूले मात्र घेराभित्र राखेर घरसम्म पुऱ्याउने गरिन्छ । घर पुऱ्याएर उक्त व्यक्तिलाईटाट्रा वा मान्द्रोले घेरेर राख्ने गरिन्छ । त्यसै दिनको मध्यरातमा सिँग तिखो भयो भन्दै विधवा वा विधुरलाई टाट्राबाट दोष फाल्न घर बाहिर निकालिन्छ । सुरुमा निजलाई आ [redacted]ी निधार घरको भित्तामा ठोक्न लगाइन्छ, त्यसपछि रुखमा ठोक्न लगाइन्छ अनि खोलातिर लगिन्छ । खोलामा गई नुहाइधुवाइ गराएर निजलाई घरतिर फर्काइन्छ । घर नपुग्दै चौबाटोमा विधवा वा विधुरले भालेलाई मुखले मार्ने र त्यो भालेलाई राति नै पकाएर खाने गरिन्छ । त्यसपछि जुनसुकै मानिसलाई हेरे पनि दोष लाग्दैन भन्ने सामाजिक विश्वास यस क्षेत्रमा भएको पाइन्छ । त्यस रातमा जाँड, रक्सी खानुका साथै मृतक पुरुष भए सोमारानी गीत र महिला भए निर्योग गीत गाउने गरिन्छ । यो गीत १२ घण्टादेखि १६-१७ घण्टासम्म गाउने चलन छ । यो गीत महिलाले गाउने गरेको देखिन्छ । उनीहरूलाई बिहानपख कपडा र नगद दिने गरिन्छ (घर्ती मगर, २०६४,पृ.४१)। यस प्रकारको प्रचलन अन्य मगर बस्तीमा भएको पाइँदैन ।

सल्यान जिल्लालगायत त्यस आसपासका क्षेत्रमा मृतकका छोराहरू घरदेखि एकदमै टाढा भएको अवस्थामा मृतकलाई छोराहरू घर आउँदासम्म घर नजिकै गाड्ने र छोराहरू घरमा आएको खण्डमा मृतकलाई गाडेको ठाउँबाट निकालेर अन्तिम संस्कार गर्ने पनि गरिन्छ । कतिपय ठाउँमा महत्त्वपूर्ण चाडपर्व नजिकै भएमा वा तत्काल शुभकार्य गर्नुपर्ने अवस्था आएमा मृतकलाई सेलाएर काम दबाउने भनेर तत्काल शुद्धशान्ति स्थगित गरी केही समयपछि शुद्धशान्ति गर्ने गरेको पनि पाइन्छ । हाल यस प्रकारको प्रचलन एकदमै न्यून मात्रामा भएको पाइन्छ । मगरहरूको मृत्युसंस्कार सम्पन्न गर्ने कुनै लिखित ग्रन्थ नभएकाले स्थान अनुसार फरक फरक तरिकाले सम्पन्न गरेको भेटिन्छ । अठार मगरातका मगरहरू सामान्यतया एक दिनमा नै शुद्ध हुने गरेको पाइन्छ ।काइके भाषाका अधिकांश मगरहरू एकदेखि तीन दिनमा नै शुद्ध हुने गरेको पाइन्छ । मगरहरू स्थान अनुसार एकदिनदेखि १३ दिनसम्म बिजोडी दिनमा शुद्ध हुने गरेको देखिन्छ । एक दिन वा तीन दिनमा शुद्ध हुने मगरहरूले पनि १३ दिनसम्मको बिजोड दिनमा स्थानअनुसार खराब दिन मङ्गलवार र शनिवार पारेर पितरहारी वा पितृ मिसाउने, अन्तिम शुद्धशान्ति भोज खुवाउने नाम दिएर अन्तिम शुद्धशान्ति गरेको पाइन्छ ।त्यस दिनसम्म छोरी चेलीहरू र आफन्तहरू मृतकका घरमा बस्ने बस्छन्, यसलाई रुधी बस्ने भनिन्छ । सल्यानतिर शुद्धशान्ति नहुँदासम्म मृतकका घरमा आफन्त तथा छिमेकीहरू दिन, रात साथ दिने गर्दछन् ।

पश्चिम रुकुमलगायतका केही स्थानका मगरहरूले बाबाको मृत्यु भएमा जेठो छोराले र आमाको मृत्यु भएमा कान्छो छोराले किरिया गर्ने चलन छ । हाल आएर धेरैजसो मगरहरूको मृत्यु भएमा सामान्यतया सबै छोराहरू किरियापुत्री बस्ने गरेको पाइन्छ । दक्षिण पश्चिम रोल्पा, पश्चिम रुकुम र सल्यानमाकिरिया बस्दा किरियापुत्रीले दिउँसोमा एक छाक खाना खाने र साँझको समयमा भुटेको

तरुल, काँचो केरा, आलु अनि फलफूल, जुस आदि खाने प्रचलन छ । खाना खाँदा माछा, मासु, लसुन, टिमुर, सिस्नो खानु हुँदैन । किरियापुत्रीले आफूले खाने खाना आफै पकाउनु पर्दछ । यस्तो कार्य कतिपयले धारो, पँधेरोमा र कतिपयले घरमै गरेको पाइन्छ । दिउँसो खाना खानु पहिले साबुनको प्रयोग नगरीकन लगाएको कपडा धुने र नुहाउने गरेको पाइन्छ । यस समयमा अरू मानिससँग छोइनु हुँदैन भन्ने मान्यता यहाँ पाइन्छ । यस प्रकारको प्रचलन रोल्पा, पूर्वी रुकुम र पश्चिम बागलुङतिर नभएकाले यो ब्राह्मण क्षेत्री समाजबाट प्रभावित भई गरेको हुन सक्ने अनुमान गर्न सकिन्छ ।

पश्चिम बागलुङ, रोल्पा र पूर्वी रुकुमका मगरहरूले मृतकको अन्तिम संस्कार गरेकै दिन राँगो वाभैँडा वा बाखा कोटर जाँड रक्सी खाँदै शुद्धशान्ति गरेको देखिन्छ ।यदि तीन दिन वा तीन दिनभन्दा बढी समयमा शुद्धशान्ति गर्नु परेमा मृतकका परिवारले खानपानमा कुनै रोकटोक नभई सबै कुराहरू खाने गरेको पाइन्छ । मृतकका लागि खानेकुरा चढाउने कार्य भने केही दिनपछि चेलीबेटी, इष्टमित्र बोलाएर अन्तिम शुद्धशान्ति गर्ने चलन छ । यसै समयमा वा केही दिनपछि मृतकका नाममा चिनो चौतारी बनाउने र त्यही चौतारीमा कन्या खुवाउने पनि गरिन्छ । चौतारीमा मृतकको विवरण लेखिएको शिलालेख राखिन्छ । चौतारी वरिपरि लाँखुरीका बोटहरू लगाउने गरेको पाइन्छ । बागलुङको हिल र अर्गलतिर हालसम्म पनि तीन दिनमा मृत्यु संस्कार सम्पन्न गरिन्छ । यहाँ किरिया बसेकाले नुन र मासुबाहेक सबै चिज दुई छाक खाने गर्दछन् । कुटुम्ब वा जवाइँ चेलाले घरकै अँगेना लिपेर छुट्टै भाँडोमा पकाएर किरिया बसेकालाई खानदिने गरिन्छ । किरियापुत्रीले सामान्य चोखो लुगा लगाउँछन् । बागलुङ अर्गलका मगरहरू किरिया बस्दा घरभित्रको अम्टो (पूजा मण्डप) नजिकै गुन्द्री बिछ्याएर बस्ने गर्छन् । तीन दिने किरियाको समयमा तीनपटक कस्सापानी फेर्ने गरिन्छ । जवाइँ चेलाले अम्टो लिपेर चोख्याएपछि सगोत्र घरकी बुहारीले नुहाइधुवाइ गरी शुद्ध पानी लिएर अम्टोमा चढाउँछिन । त्यसपछि तेलमा चामल र भैँसीको सुकुटी भुटेर माघेको पातमा राखी मृतात्माको खानाको रूपमा अम्टोमा राखेको पाइन्छ । यसलाई सुरक्षित राख्न तामाको ताउलीले छोपेर वरिपरि लिपिन्छअनि दियो बालिन्छ । यसलाई यस क्षेत्रमा कस्सापानी भनिन्छ । कस्सापानीलाई हरेक दिन फेर्ने चलन छ । फेरिएको कस्सापानीलाई आँगन नजिकै बनाइएको निश्चित खाल्डोमा गाड्ने गरिन्छ । अन्तिम दिन बुहारीले पानी राखेको भाँडो र ताउलोलाई सफा गरी राख्ने र अरू सम्पूर्ण सामग्रीहरू गाड्ने गरेको पाइन्छ । यदि एकै दिनमा किरिया सक्नु पर्ने भएमा पनि यो तीन दिने कस्सापानी फेर्ने विधि पूरा गरेर कस्सापानी ढोल्ने काम गरिन्छ । कस्सापानी ढोल्ने काम पूरा भएपछि मूल जवाइँले किरियापुत्री बसेको स्थानमा मृतक पुरुष भए भाले र महिला भए पोथी काट्ने गरेको पाइन्छ (श्रीस मगर,२०६७, पृ.९८) । गहुँत छर्केर चोख्याएपछि तीन कन्यालाई खाना खुवाएर काजकिरिया सक्ने गरिन्छ ।

बागलुङ हिलमा भने सासपानी ढोल्ने काम गरिन्छ । जवाइँ चेलाले किरियापुत्री बस्ने स्थानमा खाल्डो खन्ने र चेलीबाट लिप्ने गरिन्छ । त्यसपछि किरियापुत्रीले भात, सुकुटी, टुवामा जल, धूप चढाएर ढुङ्गाले छोपी त्यसमाथि गुन्द्री बिछ्याएर बस्ने चलन छ । यसलाई सासपानी भन्ने गरिन्छ । तीन दिनसम्म प्रत्येक दिन बिहान साँझ कसैसँग नछोइकन, नबोलीकन सासपानी फेर्ने गरिन्छ । सासपानी फेर्दा चेलीले लिप्नु पर्छ । तेस्रो दिनमा सासपानी ढोल्ने काम गरिन्छ । किरियापुत्रीले

सासपानी ढोलेपछि जवाइँ चेलाले खाल्डो पुर्ने काम गर्छन् । त्यसपछि टीका फुकाउने कार्य गरिन्छ (श्रीस मगर, २०६७, पृ. ९८) । बागलुङ हिल र अर्गलमा अन्तिम शुद्धीकरणको काम भने वर्षभरिमा एकपटक कार्तिक २६ गते मात्र गर्ने प्रचलन छ । कार्तिक २४ गते दिउँसो छापेपाटो अर्थात् मृतकको घरबारीमा सिँउडी, कटुसको स्याउला गाडिन्छ र खनजोत गरिन्छ । यस दिन नेक चलाइन्छ । मृतकको घरबाट माइती, मावली र कैसरब अर्थात् सगोत्री घरमा चामल पुऱ्याउनुलाई नेक चलाउने भनिन्छ । नेक चलाएको भोलिपल्ट कार्तिक २५ गते पशुको मार हानेर मासु, टाउका, फिला आदि पुनः माइती, मावली र सगोत्री घरमा पुऱ्याइन्छ भनेकार्त्तिक २६ गते चेली खुवाउने कार्य हुन्छ । यस दिन नाचगान पनि गर्ने गरिन्छ ।

रोल्पा, रुकुम, सल्यानतिरका मगरहरूले शुद्धशान्ति गर्ने कार्यलाई जुथ ख्याने, जुठो खाने, काजक्रिया आदि नाम उल्लेख गरेको पाइन्छ । शुद्धशान्तिका लागि गोत्रभाइ तथा आफन्त, इष्टमित्र र छिमेकीहरूले मृतकका लागि चढाइदिने मिठामिठा परिकार, फलफूल, जीवित छँदा मृतकले मन पराउने खानेकुराहरू लिएर आउने गर्छन् । यसरी शुद्ध कार्यमा आउने मान्छेलाई रोल्पा, रुकुमतिर घोटारु भन्ने गरिन्छ । घोटारुहरू सकेसम्म शुद्ध हुनुको अघिल्लो साँझपख र त्यो सम्भव नभए शुद्ध हुनाको दिन अन्तिम समाली गाँस दिने समयसम्म आइपुग्नु पर्छ । समाली गाँस भनेको मृतकका लागि सम्पूर्ण घटारुले लिएको माछा, मासु, खिर, रोटी, पुरी, अन्डा, तरुल, गन्जी (सखरखण्ड), बदम (ममफली), फलफूललगायतका मिठामिठा खानेकुराहरू हुन् । सल्यानमा भने समाली गाँसलाई मृतकलाई चढाइदिने खाना भन्ने गरेको पाइन्छ । यहाँघोटारुलाई मानो मिसाउने मान्छे भनिन्छ । यहाँ समाली गाँसको साथमा एक माना अन्न चामल वा चिनी पनि ल्याइदिने प्रचलन छ । शुद्ध हुनुको अघिल्लो साँझ जुसे वा झुसे थुर्ने कार्यक्रम हुन्छ । जुसे वा झुसे भनेको मृतकलाई स्वर्ग पुऱ्याउने जनावर भेडा वा बाखा वा राँगो हो । यसलाई सल्यान र रोल्पाका केही स्थानमा बिसाउनीमा र रोल्पा, रुकुमका केही स्थानमा घर नजिकैको खोलापारि लगेर कुटुम्ब वा भान्जाले काट्ने चलन छ । सुरुसुरुमा भने झुसे थुर्ने भनेर लट्ठीले ठोकेर मार्ने चलन थियो भन्ने जनश्रुति पाइन्छ । यसरी मारिएको पशुले मृतात्मालाई स्वर्गसम्म पुऱ्याउँछ भन्ने जनविश्वास मगर समाजमा पाइन्छ (कमानसिंह बुढा, कपुरकोट, सल्यान) । त्यसपछि मासु, भात, दाल, तरकारी, अचार, चटनी आदि पकाइन्छ । सम्पूर्ण परिकार तयार भएपछि मृतकको घरको ढोकामा मृतकका लागि समाली गाँस तयार गरिन्छ । यसका लागि सर्वप्रथम किरियापुत्रीले पोत्ने काम गर्छन् । त्यसपछि ढोकानेर पैँयुका हाँगाहरूको सानो स्वागतद्वार (गेट) जस्तो बनाइन्छ । ढोका बाहिर र भित्र छुट्टा छुट्टै ठाउँमा समाली गाँसका लागि सम्पूर्ण घोटारुले लिएका परिकारहरू र घरमा तयार गरिएका परिकारहरू घोटारुहरूले लिएका टपरी वा पातमा राखेर विभिन्न भाग लगाइन्छ । त्यसपछि गेटनेर मृतकका कपडा राखिन्छ अनि किरियापुत्रीले धूपदीप गर्दछ भने डैतामीले मृतकलाई चढाइ दिएका खानेकुरा खान अनुरोध गर्दै घर परिवार छाडेर स्वर्ग जाने बाटोको बारेमा माथि उल्लेख गरिएकाकुरा सिकाउँछ । त्यसपछि एकै क्षण घरलाई पूर्ण रूपमा अँध्यरो बनाइन्छ । त्यस समयमा मृतकको आत्मा आएर उसलाई चढाइ दिएका परिकार खान्छ भन्ने जनविश्वास यहाँ गरिन्छ । त्यसपछि मृतकको आत्माले खाएको खाना उपस्थित सम्पूर्ण व्यक्तिले खाने गरिन्छ । मृतकको आत्माले खाएको खाना सम्पूर्णले खाने भएकाले यसलाई जुठो खाने वा जुथ ख्याने वा समाली गाँस खाने पनि भनिन्छ ।जुठो

खाने काम सकिए पछि सम्पूर्ण व्यक्तिले भात, मासुलगायतका खानाहरू खाने गरिन्छ । झुसे थुरेको आधा मासुलाई राखेर बिहानपख फेरि जुठो खाने कार्यक्रम गरिन्छ । बिहानीपख पनि साँझपख गरिएकै शैलीमा आधा मान्छे बिसाउनीमा र आधा मान्छे घरमा जुठो खाने गरिन्छ । बिसाउनी अर्थात् डैसिबाङ स्थलमा गरिने यस प्रकारको जुठो खाने कार्यक्रममा त्रिवेणी गाउँपालिका सिम्पानी रोल्पामा भने उपस्थित सबै आफन्तहरू रुँदैरुँदै स्याउरे (भूत) मिसाउने गरेको पाइन्छ (हेताराम घर्ती, त्रिवेणी, रोल्पा) । यसै समयमा किरियापुत्रीले कपडा बदल्ने चलन छ । जुठो खाने काम सकिएपछि बुहारीले उल्टोतिरबाट अर्थात् भित्रबाट बाहिरतिर घरको लिपपोत गरेपछि मार फुकाउने कार्यक्रम गरिन्छ । यो कार्यक्रम कतिपय मगरहरूले घरमै र कतिपय मगरहरूले चिनो चौतारी बनाउने ठाउँमा गरेको पाइन्छ । मार फुकाउने भनेर बोकाकाट्ने गरिन्छ । त्यसपछि तीन वा पाँच कन्यालाई टीका लगाई कन्या खुवाउने गरिन्छ । यस समयमा कन्याले किरिया पुत्रीलाई टीका लगाएर तेल घसिदिने र टोपी लगाइदिनुका साथै छाछुके अर्थात् नुन फुकाउने गर्छन् । नुन फुकाउने बेला मासु, रक्सी, जाँड, रोटी आदि खुवाउने प्रचलन छ । कन्या खुवाएपछि अन्य चेलीबेटी र जवाइँ, भान्जालाई टीका दक्षिणा गर्ने गरिन्छ । यसपछि ढोगभेट खुलाउने प्रचलन छ । चिनो चौतारी बनाउनु पर्ने भएमा शिलालेख बनाई त्यसमा मृतकको विवरण लेखिन्छ । चौतारी वरिपरि लाँखुरीका बोटहरू लगाउने गरिन्छ । टीका दक्षिणा र ढोगभेटको कार्यक्रम सकिएपछि चोखो सभा वा श्रद्धाञ्जली सभा र पितृभोज गर्ने चलन छ । पितृभोजमा दाल, भात, तरकारी, मासु, चटनी, हलुवा, पुरी, खिर, रक्सी, जाँड आदि प्रशस्त मात्रामा खाने गरिन्छ । रोल्पा, रुकुमतिरका कतिपय स्थानमा खाएर बचेको जाँड, रक्सी अनि हिलो पानीले छ्यापाछ्याप वा मुछामुछ गरी युवायुवतीहरूले रमाइलो गर्छन् । नुवाइधुवाइ गरेर युवायुवतीहरू साँझपख फेरिमृतकका घरमा जम्मा हुन्छन् । साँझतिर युवतीहरूले युवकका शाखापूर्खाहरूको प्रतीक अङ्गे बनाइदिएका हुन्छन । यसलाई युवकहरूले चिन्नु पर्छ अनि मात्र रक्सी र अङ्गे खान पाइन्छ नत्र भने खान पाइँदैन ।

पश्चिम रुकुममा तीन दिनमा शुद्ध भई तेह्र दिनमा पितरहारी वा पितृ मिसाउने गरेको पाइन्छ । यसका लागि सम्पूर्ण चेलीबेटी तथा आफन्तहरूलाई बोलाउने गरिन्छ । यस समयमा मृतकलाई आ ▮ा पितृसँग मिसाउने कार्य गरिन्छ । यसका लागि रातिको समयमा पूजा कोठामा सम्पूर्ण गोत्रभाइहरू बस्ने गरेको भेटिन्छ । त्यसपछि कुखुराको घाँटी समाएर मृतकका पितृहरूको बंशावलीको चर्चा गर्दै मृतकलाई आ ▮ा पितृ समूहमा समावेश गराउन मृतककै साथमा जान कुखुरालाई सम्झाइन्छ र पितृहरूलाई निज मृतकलाई साथमा लगाउन आह्वान गरिन्छ । यो सम्पूर्ण कार्य बत्ती निभाएर गर्ने गरिन्छ । कखुराको घाँटी अँठ्याएर मृतकका पितृहरूको वंशावलीको चर्चा गर्दासम्म कुखुराको मृत्यु भइसकेको हुन्छ । त्यसपछि बत्ती बालिन्छ अनि बोका काटेर पितृलाई भोज दिने र अरूले पितृभोज खाने चलन छ (तिलक पुन, बाफिकोट रुकुमपश्चिम) । यसै समयमा चिनो चौतारी पनि बनाउने गरिन्छ । यसका लागि रुकुम तथा जाजरकोटतिर भाइ समूह कोष भनेर गोत्र भाइहरूले रुपैयाँ जम्मा गरेर खर्चमा सहयोग गर्ने प्रचलन पनि छ ।

## निष्कर्ष

मगर जातिका मृत्यु संस्कारहरू लिखित ग्रन्थलाई आधार नमानेर मौखिक रूपमा सम्पन्न गरिने भएकाले यसमा विविधता पाइन्छ । यस लेखमा समग्र मगर मृत्यु संस्कारका साथै विशेष गरेर खाम भाषी मगर र त्यसमा पनि सल्यान आठ हजार क्षेत्रका मगरहरूको मृत्यु संस्कारलाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ । विविधतायुक्त मगर मृत्यु संस्कारलाई समग्रमा प्रस्तुत गर्नु नै यस लेखको मूल प्राप्ति हो । व्यक्तिको मृत्यु भएपछि शुद्धशान्ति नहुँदासम्म मगरहरूले सम्पन्न गर्ने मौलिक प्रकृतिको मृत्यु संस्कारको विवेचना यसमा गरिएको छ । मृत्यु संस्कार सम्पन्न गर्न भान्जा वा जवाइँलाई पुरेतका रूपमा मान्ने गर्नु, मृतकका नाममा गरिने सम्पूर्ण दान दक्षिणा भान्जावा जवाइँलाई दिनु, दिवङ्गत आत्माको स्वर्ग प्राप्तिका लागि पशु बली दिनु, सम्पूर्ण इष्टमित्रले सामूहिक रूपमा काट्टो खानु मगर मृत्यु संस्कारका विशिष्ट पहिचान हुन् । खास गरेर शवयात्रा, दाहसंस्कार, किरिया बस्ने, झुसे थुर्ने, जुठो खाने, चिनो चौतारी बनाउने, कस्सापानी र सासपानी फेर्ने तथा ढोल्ने, पितृ मिसाउने, पितृ भोज दिने, चिनोबिसौना बनाउने, कन्या खुवाउने, लाँखुरीको बोट लगाउने आदि मगर मृत्यु संस्कारका महत्त्वपूर्ण पक्षहरूको चर्चा यस लेखमा गरिएको छ ।यस अध्ययनले नेपाली संस्कृतिका अध्येता तथा पाठकहरूलाई विशेष लाभ पुऱ्याउन सहयोग गर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

गुरुङ, रामप्रकाश'समथिङ'.नेपालमा मगर जातिको मृत्युसंस्कार. *एभरेस्ट टाइम्स.* https://everesttimes.net/archives/4419 (अवलोकन मिति : २०८०।१०।०८) ।

घर्ती मगर, रणप्रसाद(२०६४).*नेपालको मगर आदिवासी जनजाति खस राज्यको परिचय.* धनमाया घर्ती मगर, धनकुमारी घर्ती मगर ।

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग. (२०७८) *राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन ।*

पोखरेल, गोविन्दराज. मैले देखेका मृत्यु संस्कार. *प्रशासन. कम.* https://www.prasashan.com/2019/12/14/155774/ (अवलोकन मिति : २०८०।१०।१२) ।

श्रीस मगर, मीन(२०६७). *मगर जातिको चिनारी.*आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

सिङ्जाली मगर, संजय.मगरको विवाह र मृत्यु संस्कार एक परिचर्चा:.*onlinedabali.* https://onlinedabali.com/archives/90725 (अवलोकन मिति : २०८०।१०।१३) ।